**२०७८ साल मंसिर १६ गते बिहिवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. सिस्ने गाँउपालिकाको वडा संख्या, सिमाना र वडाको केन्द्र तथा गाँउपालिकाको नाम हेरफेर गर्ने सम्बन्धी प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृति प्रदान गर्ने,

२. प्रदेश योजना आयोगको महिला सदस्यमा श्री विष्णु माया थापा मगर (पाल्पा) लाई नियुक्ति गर्ने,

३. सहकारी दर्ता अधिकारीको कार्यालय,लुम्बिनी प्रदेशको राजधानी दाङ जिल्लाको भालुवाङ्गमा मुकाम: रहने गरी सहकारी दर्ता अधिकारीको कार्यालयको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने,

४. सूचना तथा संचार प्रविधि प्रतिष्ठानका हालका कार्यकारी निर्देशक श्री अनुप बाँस्कोटा लाई बर्खास्ती गर्ने र सूचना तथा संचार प्रविधि प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशकमा पदमा श्री रेग बहादुर भण्डारी (रोल्पा) लाई नियुक्ति गर्ने,

५. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गतका कार्यालयहरुको आ.व. २०७८/७९ को मंसिर १ गते देखि २०७९ असार मसान्त सम्मको अस्थायी संगठन संरचना एवम् दरबन्दी स्वीकृत गर्ने,

६. कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गत प्रस्तावित नयाँ देहाय बमोजिम कार्यालयको संगठन संरचना र दरवन्दी स्विकृत गर्ने ।

**देहायः**

क. कृषि ज्ञान केन्द्र, रुपन्देही,
ख. भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्र, नवलपरासी,
ग. भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्र, गुल्मी,
घ. भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्र, अर्घाखाँची।

७. पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय अन्तर्गत प्रस्तावित नयाँ देहाय बमोजिम कार्यालयको संगठन संरचना र दरवन्दी स्विकृत गर्ने ।

**देहायः**

क. शहरी विकास तथा भवन कार्यालय, रोल्पा
ख. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,अर्घाखाँची,
ग. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,रुकुम पूर्व,
घ. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,कपिलवस्तु ।

८. पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय अन्तर्गत कार्यालयहरुको आ.व.२०७८/७९ को मंसिर-असार मसान्तसम्मको अस्थायी संगठन संरचना एवम् दरबन्दी स्वीकृत गर्ने,

९. वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रोल्पा र अर्घाखाँची जिल्लामा भू- तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना गर्न स्वीकृत प्रदान गर्ने,

१०. ५० शैयामा स्तरोन्नती भएका जिल्लास्तरीय अस्पतालहरुको अस्थायी संगठन संरचना र दरवन्दी स्वीकृति गर्ने,

११. नेपाल स्वास्थ्य सेवा, पेडियाट्रिक्स समूह एघारौं तहका डा. किरणमणि पौडेललाई कामकाजमा लुम्बिनी प्रादेशिक अस्पताल ,बुटवलमा खटाउने,

१२. लुम्बिनी प्रदेशको राजधानीको जग्गा ल्याण्ड पुलिङ्ग (Land Pooling) सम्बन्धी कार्यको कार्यविधिको मस्यौदा तयार गर्नको लागि देहाय बमोजिम कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| क. मुख्य न्यायाधिवक्ता | - संयोजक |
| ख. सचिव, कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| ग. सचिव, पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय | - सदस्य |
| घ. सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| ङ. कार्यकारी निर्देशक, प्रदेश पूर्वाधार विकास प्राधिकरण | - सदस्य |